**गौमुल गाउँपालिका**
**घट्मुना, बाजुरा**
**सुदुरपश्चिम प्रदेश नेपाल**
**स्थानीय राजपत्र**
**गौमुल गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ३ अंक ४ २०७६ फागुन महिना २ गते शुक्रवार**

**भाग २**

गौमुल गाउँपालिकाको छैटो गाउँसभाबाट मिति २०७६/११/२ मा स्वीकृत भएको गौमुल गाउँपालिकाको "घर जग्गा लिज तथा बहाल निर्देशिका २०७६"स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गौमुल गाउँपालिकाले यो निर्देशिका बनाइ लागु गरेको छ।

## गौमुल गाउँपालिकाको घर जग्गा लिज तथा बहाल निर्देशिका २०७६

### प्रस्तावना

स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले संविधानता प्राप्त अधिकारहरुको प्रभावकारी कार्यान्वयन गरी जनतामा समृद्धि ल्याउन स्थानीय सेवा गठन गरी स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन बान्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ उपधारा ४ तथा अनुसूची ८ को बुदा नं. ५ र संघीय कानुन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ बमोजिम मिति २०७६।११।२ मा बसेको छैटौ औं गाउसभाले "घर जग्गा लिज तथा बहाल निर्देशिका २०७६ बनाई लागु गरेको छ

### परिच्छेद- एक

### प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "घर जग्गा लिज तथा बहाल निर्देशिका २०७६" रहेको छ ।

(२) यो ऐन गौमुल गाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "निर्देशिका " भन्नाले गौमुल गाउँपालिकाको घर जग्गा लिज तथा बहाल निर्देशिकालाइ सम्भन्नु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गौमुल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्भन्नु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले गौमुल गाउँ कार्यपालिकालाई सम्भन्नुपर्छ ।

(घ) " कार्यालय " भन्नाले गौमुल गाउँपालिकाको कार्यालयलाइ सम्भन्नु प्रर्दछ ।

(ङ) "घर जग्गा " घर जग्गा भन्नाले गौमुल गाउँपालिकाको स्वामित्वमा रहेको घर जग्गा सम्भन्नु प्रर्दछ ।

(च) " बहालवाला " भन्नाले गौमुल गाउँपालिकाको घर जग्गा लिज वा बहालमा लिइ वसेको व्यक्ती वा फम कम्पनी र कानुन अनुसार संघ सस्थालाइ सम्भन्नु प्रर्दछ ।

छ) " वहाल " भन्नाले गाउँपालिकाले तोकेको घर जग्गाको लिज वा मासिक तथा बार्षिक शुल्क भाडा लाइ सम्भन्नु प्रर्छ ।

ज) " सम्भौता " भन्नाले वहालवाला लिने र गाउँपालिका बिच भएको सम्भौता वुभ्न्नु प्रर्दछ । सम्भौता अनुसुचि १ अनुसार हुनेछ ।

### परिच्छेद- २

### लिजमा घर जग्गा उपलव्ध गराउन सकिने व्यवस्था

१. यस गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा देहायका आधारमा रहने गरि लिजमा उपलव्ध गराउन सकिने छ ।

(१) भाडा तथा लिजमा लिनुको उदेश्य औचित्य र कार्य योजना ।

(२) लिज मागेको जग्गा रहेको स्थान र क्षेत्रफल ,
(३) संरक्षणको सुनिश्चितता ।
(४) अन्य व्यवस्था तथा सर्तहरु सम्झौतामा उल्लेख भय अनुसार हुने छन ।
(५) बहालमा दिदा वढीमा ५ बर्ष र लिजमा दिदा वढीमा २० वर्ष सम्मको सम्झौता गरि उपलब्ध गराउने छ ।
(६) लिजमा उपलब्ध गराएको घर जग्गा वार्षिक रुपमा सम्झौता गरेअनुसार घट वड गराउन सकिने छ ।

**परिच्छेदः ३**

**सम्झौता उल्लघन गरेमा वा अटेर गरेमा हुने दण्ड जरिवाना**

(१) कुनै वहालवालाले वहाल सम्झौताको शर्त उलघन गरेमा वा यो निर्देशिका विपरित कार्य गरेमा देहाय बमोजिमको दण्ड जरिमाना गर्न सकिने छ ।

क) वहालवालाले सम्झौतामा तोकिएको समयमा वहाल वा विधुत पानीको महसुल नवुझाएमा पहिलो १ महिना सम्म २ प्रतिसत जरिमाना असुल गरिने छ दोस्रो महिना मा ५ प्रतिशत र सो भन्दा माथि भएमा १० प्रतिसतका दरले जरिमाना असुल उपर गरिने छ ।

अनुसुचि १

सम्झौता पत्रको ढाचा

लिखितम् सेती अञ्चल जिल्ला बाजुरा ............न.पा.|गा.पा ......... वडा नं. बस्ने ..............................-१ (जसलाई सम्झौतापछि प्रथम पक्ष) र .................... (जसलाई सम्झौतापछि दोश्रो पक्ष भनिएको छ) माथि उल्लेखित प्रथम र दोश्रो पक्ष बीच छलफल गरी सहमती भए बमोजिम करार ऐन २०५६ बमोजिम तपशिलमा उल्लेख गरीएका सेवा, शर्त एबं बन्देजमा रही, प्रथम पक्षको नाममा रहेका............................ को .. कोठे घर टहरा भाडामा लिन र दिन दुबै पक्ष मंञ्जुरी भई यो करारनामाको कागज लेखीलेखाई सहीछाप गरी एक-एक प्रति लियौं दियौं ।

**करारका शर्तहरु :**

**१. प्रस्ताव र स्वीकृती :**

म प्रथम पक्षको नाममा रहेको ............................ को कोठे घर मासिक रु ....................। अक्षरुपी (.....................) मा भाडामा लिनका लागि दोश्रो पक्षले प्रथम पक्षसंग राखेको प्रस्ताव सहित करारमा उल्लेखित अन्य शर्तहरुलाई सहर्ष स्वीकार गरी यो करार सम्झौता गरीएको छ ।

**२. करार अवधी :**

यो बहाल सम्झौता मिति ..................... गते देखी लागु भई मिति ........................ सम्मको लागि हुनेछ ।

**३. बहाल लिने दिने प्रक्रिया :**

(क) उपरोक्त घरको ................। अक्षरुपी (...................) कायम गरीएको छ ।

(ख) उल्लेखित घरभाडा उपलब्ध गराउदा दोश्रो पक्षले प्रचलित कानुन बमोजिम १० प्रतिशत आयकर आयकर कट्टा गरी खुद रकम ..................। अक्षरुपी .................. मात्र) प्रथम पक्षलाई भुत्तानि गर्नेछ ।

(ग) दोश्रो पक्षले पथम पक्षलाई घरभाडा मासिक रुपमा भूक्तानी गर्नु पर्नेछ वा आपसी सहमतिको आधारमा केही महिनाको घरभाडा अग्रिमरुपमा वा केहि महिना पछि भूक्तानी गर्न सकिने छ ।

वमोजिम र अन्य कुराहरुलाई करार ऐन २०५६ को प्रचलित कानुन बमोजिम हुनेछन् भनी उल्लेखित बुँदाहरु हामी दुवै पक्षले गहन अध्यन गरी राजीखुशीले यो सम्झौता पत्रमा हस्ताक्षर गरेका छौ । फरक परेमा सहुला वुझाउँला ।

४ द्रोस्रो पक्षले कुनै पनि बेला सम्झौता भँग गर्न सक्ने छ तर सम्झौता भग गर्नु भन्दा १ महिना अगाडि प्रथम पक्षलाई जानकारी दिनु प्रर्ने छ ।

| | |
|---|---|
| **प्रथम पक्षः-** | **दोश्रो पक्षः-** |
| नाम :- | नामः- |
| पदः- | पदः- |
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| मितिः- | मितिः |